# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग

## बालुवाटारको

## रुपैयाँ ५० दरको नोट चलनचल्तीमा ल्याउने बारेको

## सूचना

यस बैंकले रुपैयाँ ५० दरको साविककै आकार, प्रकार तथा रंगमा सङ्केत नं. ज/८९ ०००००१ देखि ट/३३ ९९९९९९ सम्म, "नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैयाँ ५० रुपैयाँ पचास तुरुन्त पाइने छ ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश सहित देहाय बमोजिमका विशेषताहरु भएको नोट यही २०७७ साल असार महिना २२ गते देखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोटको अग्र भागमा :-**

१. नोटको बायाँतर्फ सगरमाथाको चित्र रहेको ।

२. नोटको दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको ।

३. नोटमा गभर्नरको दस्तखत रहने स्थानमा तत्कालीन गभर्नर डा. चिरंजीबि नेपालको दस्तखत रहेको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा वि.सं. २०७५ लेखिएको ।

**नोटको पृष्ठ भागमा :-**

१. नोटको मध्य भागमा अंग्रेजीमा NEPAL RASTRA BANK लेखिएको ।

२. नोटको मध्य भागमा हिउँ चितुवाको चित्र रहेको ।

३. नोटको तल्लो भागको बोर्डरमा अंग्रेजीमा RUPEES FIFTY लेखिएको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अंग्रेजीमा 2019 A.D. लेखिएको ।